विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७९/०६/२८ मा बसेको बैठकको एजेन्डा र निर्णयहरूः-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | निर्णय कार्यान्वयन समीक्षा सम्बन्धमा। | गत नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयन सम्बन्धमा छलफल तथा समीक्षा गरियो। |
| २ | भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धमा। | विराटनगर महानगरपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धमा वडागत रुपमा क्षेत्र वर्गीकरणको सिफारिस माग गरिए बमोजिम प्राप्त सिफारिस अनुसारको वर्गीकरणलाई अनुमोदन गरी आवश्यक छलफल, राय-परामर्श तथा निर्णयको लागि भू-उपयोग परिषद्मा पेस गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ३ | दक्षिणी क्षेत्रका वडाहरूको बजेट व्यवस्थापन सम्बन्धी माग सम्बन्धमा। | भौगोलिक क्षेत्र ठूलो रहेको दक्षिणी क्षेत्रको विकासलाई मध्यनजर गर्दै उक्त क्षेत्रको प्रतिनिधित्व गर्ने वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरूको मागलाई समेत सम्बोधन गर्नेगरी वडा नं.१३, १४, १५, १६, १७ र १८ एवम् वडा नं.१९ समेतलाई गरेर आगामी नगर सभाबाट अनुमोदन हुनेगरी रु.१ करोड बराबरको योजनाहरू थप गरी सञ्चालन गर्ने, र वडा नं.११ को कार्यालय भवन निर्माण (तल्ला थप) योजनाको लागि रु.५० लाख बजेट विनियोजन गरिएकोमा उक्त योजनाको लागत अनुमान विनियोजित रकमभन्दा केही बढ्न गएको हुँदा सोका लागि अपुग रकम व्यवस्था गर्ने सर्वसम्मतिले निर्णय गरियो। साथै, वडा नं.३ स्थित उदय मार्गमा आगामी नगर सभाबाट अनुमोदन हुनेगरी रु.२ करोड बजेट व्यवस्थापन गरी योजना सञ्चालन गर्ने निर्णय गरियो। |
| ४ | विविधः-<br>(क) दलित समुदायको जात/थर सूचीकरण गर्न छुटेका जात/थरहरूको सूचीकरणका लागि सिफारिस सम्बन्धमा। | (क) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.सं.०७९/८०, च.नं.२७, मिति २०७९/०५/०६ एवम् राष्ट्रिय दलित आयोगको प.सं.२०७९/८०, च.नं.४९, मिति २०७९/०४/३० को प्राप्त पत्र तथा नेपाल मलाह समाज सेवा संघ, विराटनगर, मोरङको माग समेतका आधारमा विराटनगर महानगरपालिका क्षेत्रमा बसोबास गर्ने दलित जात/थर सूचीकरणमा मलाह जाति छुटेको हुँदा उक्त जाति अन्तर्गतका पटवा, विल्टाऊ, विन (मुखिया), मलाह (सहनी), गोढिया, गोढी, निषाद, बहरदार, चाइभ, बनपर, सोरहैया, केवट, चौधरी (मलाह), तियर लगायतका थर/उपजातिहरूलाई दलित जात/थरमा सूचीकृत गरी सूचीकरणलाई अद्यावधिक गर्ने कार्यका लागि सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो। |
| ५ | बाँकि एजेन्डाहरूको सम्बन्धमा। | यस बैठकमा छलफल एवम् निर्णय हुन नसकेका बाँकि एजेन्डाहरू उपर छलफल गरी निर्णय गर्न मिति २०७९/०६/३० मा अर्को बैठक बस्ने सर्वसम्मतिले निर्णय गरियो। |

प्रतिलिपि

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
प्रदेश नं. १, नेपाल